म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७० मंगलबार २२ असोज २०८१ ने. सं. ११४४ कौलाथ्व 8 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बाढीले बकैयाको ६ वटा झोलुङ्गे पुलमा क्षति

हेटौंडा, २१ असोज/असोजको दोस्रो सातामा आएको बाढीपहिरोले मकवानपुरको बकैया गाउँपालिका-१० का ६ वटा झोलुङ्गे पुल क्षतिग्रस्त बनाएको छ । असोज ११ र १२ गतेको अविरल वर्षाले बकैया गाउँपालिका-१० मन्थलीका ६ वटा झोलुङ्गे पुल वागमती खोलाले क्षतिग्रस्त बनाएको हो । बागमती खोलासँगै जोडिएको मन्थलीको भैटारको झोलुङ्गे पुल बागमती खोलाले बगाएर पूर्णरुपमा क्षतिग्रस्त बनाएको छ । केराघारी-खयरघारीबीचको झोलुङ्गे पुलको दुवैतर्फको पिलरमात्र बाँकी राखेको र अरु सबै बगाएको ६ नम्बरकी वडाध्यक्ष कमला वाईबाले भनिन् ।

सिस्ने-लुकुने, धुवाकोट, तीन भंगाले-मजुवा, अम्वासबेंसीको ससहित ६ वटा झोलुङ्गे पुल बागमतीको बाढीले क्षतिग्रस्त वनाएको उनले जानकारी दिइन् । बागमती खोलामा प्युटार–मन्थलीवीच बन्दै गरेको पक्की पुलको पिलरमा पनि क्षति पुगेको छ । यो वडाको झोलुङ्गे पुलमात्र होइन धुवाकोट प्रावि र सोलिथुम प्राविको भवन,वडा कार्यालय भवन स्वास्थ्यचौकीको भवन भासिएका छन् ।

# जग्गा अतिक्रमणले मकवानपुरगढीको ऐतिहासिक मन्दिर नै गायब

साझाकुरा संवाददाता

हेटौंडा, २१ असोज/ मकवानपुरगढी गाउँपालिका-२, स्थित ऐतिहासिक मकवानपुरगढी दरबारको चण्डिनीदेवीको मन्दिर जग्गा अतिक्रमणले गायब भएको खुलेको छ ।

मकवानपुरगढी दरबारको पूर्वी मूलगेटबाट सय मिटरको दुरीमा रहेको चण्डिनीदेवीको मन्दिर गायब छ । त्यहाँ अहिले नेपाल टेलिकमको टावर र त्यसको वरपर भौतिक संरचना निर्माण भएका छन् । मन्दिर संरक्षण गर्दै अतिक्रमित जग्गा फिर्ता ल्याउन माग गर्दै स्थानीय चण्डिनीदेबी संरक्षण सरोकार संघर्ष समितिले सोमबार मकवानपुरगढी गाउँपालिकाको ध्यानाकर्षण गराएपछि जग्गा अतिक्रमणको रहस्य बाहिर आएको हो ।

ऐतिहासिक, धार्मिक र महत्वपूर्ण पर्यटकीय महत्व बोकेको स्थलको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न २ नम्बर वडाबासी १ सय ३४ जना स्थानीयले हस्ताक्षर गर्दै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानलाई ध्यानाकर्षण गराएका हुन् । चण्डिनीदेबी संरक्षण सरोकार संघर्ष समितिका अध्यक्ष भीमसेन किङरिङ मगरले स्थानीय सबै राजनीतिक दलको समेत प्रतिनिधित्व गर्दै मन्दिरको गरिमा र महत्वको बारेमा खोज गर्नको लागि समेत गाउँपालिकालाई आग्रह गरिएको बताए ।

मकवानपुरगढी दरवार भन्दा पूर्वतर्फ करिब २०० मिटर अगाडि वि.स.१७७५ मा सेन वंशीय





राजा माणिक सेनद्वारा निर्मित चण्डिनीदेवीको मन्दिर विगतबाटै गायब पारिएको थियो । यो स्थानमा ३ देखि ४ वटा घरटहरा निर्माण भएको दाबी गरिएको छ । बनेका संरचना सबै मकवानपुरगढी दरबारको सार्वजनिक जग्गा रहेको समितिको दाबी छ । सार्वजनिक जग्गाको सँधियार रहेका स्थानीय राजेश थापाले मन्दिरको जग्गा अतिक्रमण गरेर संरचना निर्माण गर्न लगाएको आरोप लगाइएको छ ।

सोही स्थानमा काठको मौलोसहित स्थापना गरिएको स्थानमा हात्तीले पानीखाने पोखरी मन्दिरजाने सिडी, जग्गा नाप्ने जंगे पिलर समेत रहेको तथा समुदायद्वारा निर्मित गाउँघर क्लिनिक २०७० सालसम्म संचालन हुँदै आएकोमा राजेश थापाले सबै संरचना भत्काई त्यस आसपासको जग्गा अतिक्रमण गरी सार्वजनिक सम्पतिको दोहन भएको गाउँपालिकालाई बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

यस क्षेत्रमा रहेको नेपाल टेलिकमको टावर निर्माण गराई सम्झौता समेत गरिएकोले सम्झौता रद्द गरी टावरसहित निर्माण गरिएका घरटहरा हटाउन पनि माग गरिएको छ । नेपाल टेलिकमले मकवानपुरगढी दरबारको मुख्य किल्लानजिक राखेको टावर १३ बर्षपछि अर्थात २०७६ वैशाखमा हटाएको थियो । यही टावरलाई चण्डिनीदेवीको मन्दिरमा लगेर राखिएको थियो । टेलिकमलाई सार्वजनिक जग्गा भाडामा दिन थापाले जग्गा अतिक्रमण गरेको उनीहरुको दाबी छ । तर, यसको स्वतन्त्र पुष्टि हुन बाँकी छ ।

ध्यानाकर्षणपत्र बुझ्दै गाउँपालिका अध्यक्ष स्याङ्तानले आफ्नो क्षेत्रभित्र रहेको पर्यटकीय गन्तव्यको संरक्षणमा काम थाल्ने प्रतिवद्धता व्यक्त गरे । गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीयअधिकृत सत्यनारायण साह सहितको उपस्थितिमा अध्यक्ष लामाले ऐतिहासिक क्षेत्रको संरक्षणार्थ अतिक्रमित जग्गा फिर्ता ल्याउने पहल थाल्ने बताए ।

स्थानीयद्वारा मन्दिरको करिव ७ कठ्ठा र गढीदरबारको करिव ८ विगाहा जमिन अतिक्रमित भएको दाबी गरिएको छ । अतिक्रमित जग्गा फिर्ताको लागि यसअघि पनि गाउँपालिकाले पत्र काटेको तर, कार्यान्वयन नभएको पाइएको छ । १५ मंसिर २०७७ मा गाउँपालिकाले राजेश थापाको नाममा पत्र लेख्दै सार्वजनिक जग्गामा संरचना निर्माण गर्ने कार्य रोक्न निर्देशन दिइएको थियो । गाउँपालिकाले १४ मंसिर २०७७ मै २ नम्बर वडा कार्यालयलाई पत्राचार गर्दै अतिक्रमण रोक्न र संरचना हटाउन निर्देशन दिएको थियो । तर, कार्यान्वयनमा गएन ।

२ नम्बर वडाअध्यक्ष बखानसिं पाखिनले त्यतिबेलै भेला आयोजना गरेर अतिक्रमित जग्गा फिर्ता ल्याउन खोज्दा विवाद भएकोले कार्यान्वयनमा नगएको बताए । उनले पनि सार्वजनिक जग्गा अतिक्रमण भएको बताए । चण्डिनीदेवी मन्दिर रहेको क्षेत्र वरपर गरेर करिब ५ कठ्ठा जति दरबारको जग्गा अतिक्रमणमा परेको उनको भनाई छ ।

प्रा.डा. रामप्रसाद उपाध्यायको नेपालको प्राचीन र मध्यकालीन इतिहास पुस्तक र गढीको इतिहास खोजकर्ता केदार न्यौपानद्वारा लखित मकवानपुरको चिनारी पुस्तकमा तत्कालीन राजा माणिक सेनका पालामा चण्डिनीदेवी मन्दिर स्थापना भएको पुष्टि माणिक सेनले लेखेको शिलामा भेटिएको दाबी गरिएको छ । शिलाको लम्बाई १० ई. ४ लाइन र चौडाई १ ई. १० लाइनको छ । राजदेवी मन्दिरबाट केही पूर्वउत्तरमा चण्डिनीदेवीको स्थान पाइने पुस्तकमा भनिएको छ ।

'चण्डिनीदेवी स्थान नै खनेर व्यक्तिगत संरचना र सडक बनाएकोले देवीको गुठी कहाँ छ भनी ४ वर्षदेखि मैले खोजतलास गरिरहेको थिएँ ।' पुस्तकमा उनले भनेका छन् । गढीबाट २०३६ सालमा हातहतियार बन्दुक, तोपहरु सबै सेनाले उठाएर लगेको हो भनी स्थानीयले बताएको उनले उल्लेख गरेका छन् । सेनाले सुरक्षा दिन छोडेपछि चण्डिनीदेवी स्थान, दरवार र अन्य मन्दिरहरु बेवारिसी हुन पुगेको दाबी पुस्तकमा गरिएको छ ।

मुकुन्द सेनका कान्छा छोरा लोहाङ सेनले मकवानपुर गढीमा राजधानी वि.सं. १६१० बाट बसालेका थिए । यसअघि यहाँ राजधानी थिएन । मकवानपुरको स्वतन्त्र राज्य निर्माण गरी राजधानी बनाउने लोहाङ सेन रहेको विभिन्न इतिहास लेखिएका पुस्तकमा दाबी गरिएका छन् । 'उनको मृत्युपछि यिनको छोरा राघव सेन राजा भए । उनका छोरा हरिहर सेन, शुभसेन, तीनका छोरा माणिक सेन र महिपति सेन मकवानपुरका राजा भए । राजा माणिक सेनका पालामा चण्डिनीदेवी स्थापना भएको थियो ।

# उद्योग व्यापार महासंघ मकवानपुरको बिस्तारित बैठक



साझाकुरा संवाददाता

हेटौंडा, २१ असोज/ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) निकट जनवर्गीय संगठन नेपाल उद्योग व्यापार महासंघको बिस्तारित बैठक आइतबार हेटौंडामा सम्पन्न भएको छ । बिस्तारित बैठक्ले जिल्ला कार्यसमितिलाई पूर्णता दिएको छ ।

महासंघका केन्द्रीय सचिवालय सदस्य सरोज खनालको अध्यक्षता तथा माओवादी केन्द्रको केन्द्रीय सदस्य बागमती प्रदेशको निवर्तमान सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा विस्तारी बैठक सम्पन्न भएको हो । जगदीश दाहालको अध्यक्षतामा २१ सदसीय नेतृत्व चयन गरिएको हो । महासंघको जिल्ला सल्लाहकारमा ईन्द्र रिजाल, पुष्पराज पुडासैनी, अजीव भट्टराई, बुद्धराज अर्याल, जयराम अर्याल, बिष्णु कालाखेती लगायत चयन गरिएको छ ।

महासंघको जिल्ला कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष राजन ढकाल, उपाध्यक्ष लालु दुधराज, ओमप्रकाश खतिवडा, सचिव उद्धव देवकोटा, सहसचिव सुदीप तिमल्सिना, कोषाध्यक्ष नारायण कृष्ण श्रेष्ठ, सहकोषाध्यक्ष विक्रम खत्रीसहित २१ सदस्यीय समिति चयन गरिएको हो । सदस्यमा अमृत पौडेल, राजनप्रसाद बोलखे, प्रेमबहादुर थिङ, कुमार सुबेदी, मुकुन्द अधिकारी, युवराज सापकोटा, यादवजङ्ग रायमाझी, ईश्वरसिंह ठकुरी, रुपा कार्की, उमेश पुलामी, राजकुमार लामा, लेखराम डिमडुङ, सुदीप तिमल्सिना, देवराज थिङ चयन भएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि निवर्तमान सामाजिक विकास मन्त्री मोक्तानले 'गुन्द्रुकबाट चिनिएको नेपाल, अहिले त्यही गुन्द्रुक विदेशबाट ल्याउँदा उद्योग व्यवसाय फस्टाउन नसकेको बताएकी छन् । कार्यक्रममा विशिष्टअतिथि नेपाल उद्योग व्यापार महासंघ वरिष्ठ उपाध्यक्ष श्याम श्रेष्ठ, केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज विजय गौतम, नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश उपाध्यक्ष तथा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी (छिन्तु)ले उत्पादनमूलक उद्योगसँग जोडिन आग्रह गरेका थिए ।

नेपाल उद्योग व्यापार महासंघ केन्द्रीय महासचिव खिम पराजुली, नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला सचिव वीर बहादुर घलान (ज्वाला), नेकपा माओवादी केन्द्र बागमती प्रदेशसदस्य तथा फ्याक्सन इन्चार्ज विवेक राई, केन्द्रीय सल्लाहकार नेपाल उद्योग व्यापार महासंघ अरुणराज सुमार्गी, नेपाल उद्योग व्यापार महासंघ केन्द्रीय सदस्य गुणराज घिमिरे लगायतले ब्यवसाय सुरु गर्ने भन्दा पनि त्यसलाई निरन्तरता दिने विषय महत्वपूर्ण भएको बताएका थिए ।

# बाढीपहिरो पीडितलाई एकीकृत हटिया ग्रुपको राहत



साझाकुरा संवाददाता

हेटौंडा, २१ असोज/ एकीकृत हटिया ग्रुपले मकवानपुरको बागमती र बकैयाका बाढीपहिरो पीडितलाई राहत वितरण गरेको छ । सोमबार हेटौंडा-१६ र १७ नम्बर वडाका युवाले खाद्यान्नसहित लत्ताकपडा लिएर गतहप्ताको अविरल वर्षाबाट पीडित भएका बागमती र बकैया गाउँपालिकामा पुगेका थिए ।

उनीहरुले बकैया गाउँपालिका ४१ र बागमती गाउँपालिकाका १३ घरधुरीलाई करिब चार लाख रुपैयाँ बराबरको सामग्री जनप्रतिनिधिमार्फत् हस्तान्तरण गरेका हुन् । ग्रुपले बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान र बकैयामा गाउँपालिका अध्यक्ष धर्म लामिछानेलाई चामल, तेल, भाडकुँडा, लत्ताकपडालगायत सामग्री हस्तान्तरण गरेका थिए ।

कार्यक्रम संयजोक शुक्रराज प्रजाका अनुसार हटिया ग्रुपका युवाले स्थानीय व्यवसायी र आफूहरुबाट संकलन गरेको रकमबाट राहत सामग्री खरिद गरेका थिए ।

खाद्यान्न वितरणका लागि हटिया ग्रुपलाई राजेश रुगंटा, राजु अधिकारी र दीपक आचार्यले विशेष सहयोग गरेका थिए । पछिल्लो समय हटिया ग्रुपले विभिन्न क्षेत्रमा सामाजिक क्रियाकलाप गर्दै आइरहेको छ ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

**सम्पूर्ण ब्राण्डका गाडी**


**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# आशिंक खुलेका सडकमा अधिक चाप

हेटौंडा-काठमाडौं जोड्ने तीनवटा छोटो मार्ग आंशिक रुपमा सञ्चालनमा आएको भएपनि सवारी चाप बढेको छ । त्रिभुवन राजपथमा सवारी चाप कम भएको छैन । छोटो दुरीको हेटौंडा-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-काठमाडौं, कुलेखानी-फाखेल-हुमानेभन्ज्याङ-फर्पिङ-काठमाडौं र कुलेखानी-महालक्ष्मीखोला-चखेल-मातातीर्थ-काठमाडौं गरी तीनवटा सडक खण्ड सञ्चालनमा ल्याइएको बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमनकुमार मास्केले जानकारी दिएका छन् । दक्षिणकालीदेखि सिस्नेरीसम्म सानाठूला गरी ६० वटा र सिस्नेरीदेखि भैंसेसम्म ४० वटा पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याउन सफल भएको मन्त्री मास्केले बताए । दशैंलाई लक्षित गरेर हतारहतार अस्थायीरुपमा सडक खुलाएका कारण साना सवारीलाई यातायातमा समस्या कायमै रहेको बताइउको छ । तीनवटा सडकमा ५ वटा डाइभर्सन बनाइएको छ । कुलेखानी-सिस्नेरी खण्डको ज्यामिरेमा, कुलेखानी-फाखेल खण्डको महालक्ष्मी खोलामा, कुलेखानी ड्याम क्षेत्रमा र दक्षिणकाली नगरपालिका क्षेत्रमा गरी ५ वटा डाइभर्सन निर्माण गरिएको हो । महालक्ष्मी खोलामा ७० मिटर सडकमा क्षति पुगेको छ ।

सवारी चाप अत्यधिक हुने भएकाले सिस्नेरी र फाखेल सडकलाई 'वान वे' बनाउने विषयमा छलफल भइरहेको बताइएको छ । सवारी अड्किएको अवस्थामा कुलेखानी र महालक्ष्मी खोलामा जेसिबी तयारी अवस्थामा राखिएको मन्त्री मास्केले बताएका छन् । प्रदेश सरकारको प्रादेशिक सडक गुरुयोजना अन्तर्गत प्रदेशमार्गको रुपमा रहेका सिस्नेरी, फाखेल, मातातीर्थ सडकहरु पहिरोले बन्द भएको ९ दिन पछि आंशिकरुपमा खुलेको हो । गत असोज १२ को वर्षाका कारण कुलेखानीमा सिमखोला पुलको पहुँच सडक बगाएको थियो भने फाखेलतर्फको महालक्ष्मी खोलाको पुल र आसपासका ७०० मिटर सडक बगाएको थियो । कुलोनी सिमखोला पुलमा करिब १०० मिटर र महालक्ष्मी खोला वारीपारी गरेर करिब ७०० मिटर सडक बगाएको ईन्द्रसरोवर गाउँपालिकाले बताएको छ । महालक्ष्मी खोलालाई साबिक धारमा फर्काउने काम गरेर अस्थायी रुपमा सडक संचालनमा ल्याएको बताइएको छ । पुलको माथिल्लो भागमा १५० मिटर उकालो सडक बगाएको थियो । खोलाबाट ग्राभेल तानेर सडकको ट्र्याक बनाइएको छ । पुलको पारीतर्फको करिब ५०० मिटर सडकमा बगिरहेको महालक्ष्मी खोलालाई पुरानै अवस्थामा फर्काउने काम गरिएको छ । ट्र्याकसमेत नभएको महालक्ष्मी खोलाको सडकमा अस्थायी ट्र्याक निर्माण गरी तत्कालका लागि बाटो सञ्चालनमा ल्याइएको हो । सिस्नेरीतर्फ ज्यामिरेदेखि सडकको ट्र्याक सिस्नेरी खोलाले बगाएको थियो । निर्देशनालयले खोलाको बगरमा नै अस्थायी ट्र्याक निर्माण गरेको छ । ३ किलोमिटर दुरीमा रहेको सिस्नेरी बजारसम्म खोलाको बगरबाट नयाँ ट्र्याक बनाइएको छ । सिस्नेरीको टेकर बजार प्रवेश नगराई बगरबाटै सवारी साधन सिस्नेरी पुग्ने गरी नयाँ ट्र्याक बनाइएको छ ।

यो सडक खण्डमा अस्थायी ट्र्याक निर्माण गरेर तत्कालका लागि यातायात संचालनमा ल्याएपनि सामान्य वर्षाको बाढीले पनि क्षति पुऱ्याउन सक्ने जोखिम भने कायमै रहेको छ । सिस्नेरीबाट काठमाडौंतर्फको खण्डमा रहेका ४० वटा पहिरो पन्छाएर निर्देशनालयले यो सडक खण्डमा यातायात सञ्चालनमा ल्याउने प्रयास गरेको हो । दक्षिणकालीमा २०० मिटर लम्बाइको सडकको ट्र्याक बगाएको थियो । यो स्थानमा सडक खुलाउन व्यक्तिगत जग्गाबाट अस्थायी सडकका लागि डाइभर्सन बनाइएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना, पूर्वाधार विकास कार्यालय मकवानपुर र ललितपुर एकसाथ खटिएर निरन्तर काम गरिएको बताइएको छ । कुलेखानी-मार्खु-चित्लाङ-चन्द्रागिरी-थानकोट सडक भने बुधबारदेखि नै खुलाइएको थियो । हेटौंडा-भैंसे-भीमफेदी २३ किमि सडक र भीमफेदी-कुलेखानी ड्याम १६ किलोमिटर सडक खण्डमा भने अर्को बिकल्प छैन । कुलेखानी ड्याम (सिमखोला) पुगेपछि सिस्नेरी भएर फर्पिङ वा फाखेल भएर फर्पिङ वा चितलाङ भएर काठमाडौंको मातातीर्थ पुग्न सकिन्छ । कुलेखानीबाट तीनवटा बिकल्प प्रयोग गर्न सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज २३ गते बुधबार ९ अक्टोबर २०२४ । षष्ठी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:०१, सूर्यास्त ५:३९ । विश्व हुलाक दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# राजधानीमै सरकार देखिएन, दुर्गम के होला ?



✍ सोमबहादुर थापा

असोज दोस्रो सातामा आएको भीषण बाढीपहिरोपछि सहायता, उद्धार तथा पुन:स्थापनाका काममा सरकार जुन रूपमा सक्रिय हुनुपर्थ्यो त्यसरी प्रस्तुत नभएकामा सरकारी संयन्त्रमाथि चारैतिर प्रश्न उठेका छन् । अति सुस्त शैलीका सरकार दुई चारवटा निर्णय गरेर ठूलै काम गरे झैं दंग छ ।

नेपाल बाढी पहिरो, भूकम्प, आँधीबेरी, अति वर्षा र सुख्खाले सताइरहने देश हो । बर्सेनि बाढी पहिरो, भूक्षय, भूकम्प, आँधीबेहरीबाट देश र जनता पीडित हुनुपरेको छ । जाजरकोट र पश्चिम रुकुममा गत वर्ष गएको भूकम्पको राहत र पुनर्निर्माणका काम पूरा नहुँदै देशले यो वर्ष असोजको दुई दिने झरीले निम्त्याएको बाढीपहिरोको मार खेप्दैछ । हजारौं मानिस घर बारविहीन हुन पुगेका र दुईसय चालीस भन्दा बढीले ज्यान गुमाएको अनुमान छ ।

बाढीपहिरोजस्ता प्राकृतिक विपत्ति पूर्णरुपमा रोक्न त सकिँदैन तर सरकारी संयन्त्रले योजना बनाउँदै गरेको भए क्षति कम हुन सक्थ्यो । बाढीपहिरोबाट भएका क्षतिमा पुनर्निर्माण तथा मानिसलाई कसरी बसोबास मिलाउने भन्नेमा बजेट र कार्यक्रम सरकारले ल्याउन सकेको छैन । प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा हुने सहायताले मात्रै राहत, उद्धार, पुन:स्थापना तथा पूर्वाधार निर्माण तथा मर्मतका काम गर्न सकिँदैन । यतिबेला सरकारले साधारण खर्च भारी मात्रामा घटाउने योजना ल्याउनुपर्ने थियो । त्यस्तो सक्रियता नदेखिँदा सरकारले भयावह अवस्थालाई सामान्यरूपमा लिएको देखियो ।

हालको संकटको समयमा सरकारको परिणाममुखी र मितव्ययीरूपमा काम गर्नुपर्ने देखिन्छ । साथै सरकारले दक्षता, मितव्ययिता, नियमितता, स्वच्छता, प्रभावकारिता, पारदर्शिता र जवाफदेही देखाउन आवश्यक छ । जनताले प्रत्यक्ष देख्ने परिणाममुखी काम गर्न नसके सरकारले विश्वसनीयता गुमाउनुपर्ने स्थिति आउन सक्छ ।

बाढीपहिरोले आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, पूर्वाधार विकास, उद्योग कालकारखाना, कृषि, पर्यटनमा असर र प्रभाव पारेको देखिन्छ । यसबाट लगभग तीस अर्बभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान छ । यसको असरको गहिराइ कति छ भन्ने सम्बन्धमा सरकारले नीति र योजना बनाएको पनि देखिँदैन ।

तीन दिनको बाढीपहिरोले बढी क्षति वाग्मती र कोसी प्रदेशमा पारेको अनुमान छ । यसले राजधानी आउनेजाने मार्ग बन्द हुन गएका छन् । यही मौका पारेर खाद्यान्न, तरकारीको मूल्य अस्वाभाविक तवरले बढेको छ । सरकार अस्वाभाविक मूल्यवृद्धि रोक्न पनि असफल भएको देखिन्छ ।

विश्वमा प्राकृतिक विपत्तिबाट मुक्त भएको देश पाउन गाह्रो छ । हरेक देशका सरकार, राजनीतिक दलका नेता तथा नीति निर्माताहरूले देशमा के/कस्ता प्राकृतिक विपत्ति आउँछ र त्यसलाई कसरी सम्बोध गर्ने भन्ने नीति र योजना बनाउने गरे झैं नेपाल सरकारले पनि त्यस्तो नीति र कार्यक्रम बनाउन सकेको देखिँदैन । हाम्रा शासक र राजनीतिक दलहरूको कमजोरी यही हो ।

बाढी पहिरो जस्ता अधिकांश प्राकृतिक विपत्ति मनिसको गलत, सोचविचार र कार्यका कारण हुने गर्छन् भन्ने सरकार र सरकारीतन्त्रले कहिल्यै बुझेनन् । यसपालिको विपत्तिमा प्राकृतिक स्रोत तथा चुरेको अत्यधिक दोहनले पहाड र तराईमा धेरै क्षति पुगेको कारण पनि यही हो ।

खाली जमीन देख्नैबित्तिकै पार्टीका कार्यकर्ता र समर्थकहरूलाई सुकुम्वासी बनाउँदै राख्ने प्रवृत्तिले खोला किनारामा बस्ती धेरै क्षतिग्रस्त हुन गएका छन् । काठमाडौं महानगर पालिकाका मेयर बालेन शाहले नदी किनाराका बस्ती हटाउने कार्यक्रम ल्याउँदा सरकार र राजनीतिक दलका नेताहरूले असहयोग गर्दा बाढीले काठमाडौं उपत्यका बढी प्रभावित हुन गयो ।

नदी र आसपासका ढुंगा गिट्टी र बालुवा जथाभावीरूपमा उत्खनन् गर्दा र वनजंगल जथाभावी नाश गर्दा प्रकृतिमाथि अतिक्रमण हुन गएको छ । यसले बाढी पहिरो, भूक्षय, सुखा पहिरोजस्ता प्राकृतिक विपत्ति निम्त्याउने काम गरेको छ । यो यथार्थ हामीले कहिल्यै बुझ्ने र समाधान गर्ने कोसिस नगर्दा नेपाल र नेपाली प्राकृतिक विपत्तिबाट पीडित हुनुपरेको हो ।

प्राकृतिक विपत्तिका मुख्यकारणमा वनजंगलको विनाश, भूक्षय, वायुको तापक्रम बढ्नु, वातावरण प्रदूषण, खानी सञ्चालनका तौरतरिका, जलवायु परिवर्तन, खोला किनारामा सुकुम्वासी बस्ती बसाल्ने र नदीखोलाबाट जथाभावी ढुंगा, गिटी, बालुवा झिक्नु आदि हुन् । प्रकृतिमाथि दोहन र थिचोमिचो न्यूनीकरण नगर्ने हो भने निरन्तर अनेक विपत्ति भोग्दै जानुपर्ने स्थिति छ ।

प्राकृतिक विपत्तिका घटना पूर्णरुपेण रोक्न सकिँदैन तर विपत्तिबाट कमभन्दा कम क्षति हुनेबारे सोच्नु र काम गर्नु सरकारको मुख्य जिम्मेवारी हो । असोजमा बाढी पहिरो ठूलो आउँदैछ भनी मौसमविद्हरूले तीन चार दिनअगावै पूर्वसूचना दिएका हुन् । तर सरकारले पूर्व तयारी गरेन । तीनै तहका सरकारको यो ठूलो कमजोरी हो ।

झ्याप्ले खोलामा बस पुरियो । पैतीसभन्दा बढी यात्रुले अकालमा ज्यान गुमाए । यसमा चल्ने सार्वजनिक यातायात दुई दिनका लागि रोक्न सकिन्थ्यो । बाटोमा यात्रुहरूले कैयौं दिनसम्म भोकभोकै ज्यानको बाजी लगाउँदै हिँड्नुपऱ्यो ।

राजधानी र राजधानीसँगै जोडिएका काभ्रे, धादिङजस्ता ठाउँमा त सरकारले आफ्नो उपस्थिति देखाउन सकेन भने दुर्गम पहाडी जिल्लाहरूमा सरकारको उपस्थिति भएन भनेर के भन्ने ? सरकार जवाफदेही भयो कि भएन समीक्षा तथा मूल्यांकन हुनुपर्छ । बाढीपहिरो गइसकेपछि भएका क्षतिका कारण, असर, प्रभाव र समाधानका उपायबारे गम्भीररूपले समीक्षा गरी यथार्थ विवरण अझै सर्वजनिक गर्नसकेको छैन ।

दैवी प्रकोपका घटनापछि उद्धार तथा राहत र पुनर्निर्माण कार्यमा विगतमा सरकारले काम गर्दा ढिलासुस्ती, अनियमितता र बदमासी भएको समाचार आउने गर्थे । यसपालि जनताले त्यस किसिमको समाचार सुन्न नपरोस् । सरकार, राजनीतिक दलका नेता तथा प्रशासनप्रति जनताको विश्वास जाग्न सकेको छैन । सरकारमा बस्नेहरू, राजनीतिक दलका नेताहरू, प्रशासन र सुरक्षाका अधिकारीहरू यस सन्दर्भमा निष्पक्ष, स्वतन्त्र, नैतिक, इमानदार तथा जवाफदेही बन्न अत्यावश्यक देखिन्छ ।


यस्तो विपत्तिका बेला संघीय संसद् र प्रदेशसभाको आपतकालीन अधिवेशन बोलाउँदै विपत्तिबारेमा छलफल गर्नुपर्ने थियो । संसदीय समितिहरूले पनि सरकारका कामकारबाही, अनुगमन र मूल्यांकन गरी राहत, उद्धार तथा पुर्ननिर्माण र पुन:स्नाथापनाका कामहरूलाई प्रभावकारी बनाउन आवश्यक थियो ।

संघीय संसद् र प्रदेशसभाको अधिवेशन र बैठक नराख्नुले तिनीहरूको औचित्य र महत्त्व, घट्न गएको छ । जनप्रतिनिधिहरूले संसद बैठकको माग गर्नुपर्ने थियो । त्यसो गर्न सकेको देखिँदैन । यस कार्यमा प्रभावकारिता र सक्रियता ल्याउन सरोकारवालाको ध्यान जाओस् ।

*(स्रोत: बाह्रखरी)*

# काठमाडौंका केही प्राचीन शक्तिपीठबारे सामान्य चर्चा

अग्निपुराणले पनि चामुण्डादेवीको स्वरूप वर्णन गरेको छ । गहिरा आँखा, कंकाल मूर्तिस्वरूपा, ठाडो कपाल, सानो पेट, बाघको छाला लगाउने, हातमा त्रिशूल र कपाल लिएकी, नर मुण्डमाला लगाएकी भनेको छ । चामुण्डादेवीको मन्दिर काठमाडौंको जोरपाटीमा छ ।



✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

घरघरमा दशैं आइसकेको छ । यथाशक्ति शक्तिपीठहरुको दर्शन गर्नु हाम्रो जीवनशैली भएको छ । काठमाडौंका केही शक्तिपीठहरुको चर्चा गर्ने पङ्क्तिकारको आशय छ ।

**वज्रयोगिनी** :

सृष्टिको उषाकालमा विष्णुका पसिनाबाट उदय भएका मधुकैटभ सृष्टिकर्ता ब्रह्मप्रति जाइलागे । ब्रह्माजी डराए । त्यसपछि योगनिद्रामा रहेका विष्णु जागा भएपछि त्रिदेव ब्रह्मा, विष्णु र शिवले संयुक्तरूपमा स्तुति गरे । त्यसैले देवीको नाम योगिनी रहेको र योगिनीदेवीको कृपाबाट मोह र क्रोधरूपी मधुकैटभलाई वध गर्न सफल भए । यी देवीको निवासस्थानलाई योगकुटपर्वत भनिन्छ । तान्त्रिक विधिबाट नित्य वज्रयोगिनीको पूजा हुने गर्छ । काठमाडौं खाल्टोबाट चोभारको डाँडो काटी पानी बाहिर पठाउन र स्वयम्भू स्तूपको निर्माण गर्न मञ्जुश्रीलाई प्रेरणा दिने देवी यिनै हुन् भन्ने विश्वास गरिन्छ । वज्रयोगिनीदेवी एक प्रसिद्ध शक्तिपीठ हुन् ।

काठमाडौं उपत्यकाको उत्तर-पूर्व मणिचूड डाँडोमा वज्रयोगिनी मन्दिर रहेको छ । काठमाडौंबाट करिब २२ कि.मि.को दूरीमा साँखु बजार छ । साँखु बजारदेखि उत्तर उकालो चढ्दै गएपछि वज्रयोगिनी मन्दिर पुग्न सकिन्छ । यो मन्दिर नेपाली शैलीमा बनेको छ । तीनतले यो मन्दिर अलि एकान्त स्थलमा छ। वरिपरि घनाजंगल छ । नजिकै रहेको बजारलाई लावण्यदेश पनि भनिन्छ । नजिकै पूर्व दिशामा प्रसिद्ध तीर्थ शालीनदी छ । हरिहरक्षेत्र शालीनदी स्नान गरेर प्राचीन समयमा नवराजले साँखु शहरको राजा हुने अवसर पाएको कुरा स्वस्थानी कथामा वर्णित छ। यो शहरलाई ८ देवीहरूले रक्षा गरेका छन् भन्ने जनश्रुति रहेको छ । अष्टमातृका, ८ देवताहरूद्वारा रक्षित साँखु शहर सफा छ।

लिच्छविकालको अभिलेखले साँखु शहर बौद्धतीर्थ हो भन्ने पनि जनाउँछ । हिन्दुहरूले प्रसिद्ध वज्रयोगिनीलाई काठमाडौंको दक्षिणतर्फ रहेकी दक्षिणकालीकै रूपमा मनाउँछन् । वज्रयोगिनीको अर्को नाम डाकिनी पनि हो । हिन्दुहरूले ६४ ज्योतिर्लिंगलाई शिवलिंगका रूपमा विशेष गरी मनाएझैं ६४ योगिनीका रूपमा भगवतीलाई मनाउँछन् । ६४ योगिनीमा नैरात्मायोगिनी, खड्गयोगिनी, विद्यायोगिनी आदि प्रमुख हुन् । देवमाला वंशावलीका अनुसार वज्रयोगिनीको मन्दिर सन् ८२४ मा निर्माण भएको हो । नेपालमा रहेका विभिन्न पीठहरूको अध्ययन गर्दा हालसम्म अन्यत्र क्षेत्रमा योगिनीदेवीको मन्दिर भेटिएको छैन । स्कन्दपुराण, हिमवत्खण्ड नेपालमाहात्म्यमा 'ने' नामक मुनिले योगिनीदेवीको विशेष उपासना गरी देवीको वरदकृपाबाट नेपालको स्थापना गरेका हुन् भन्ने उल्लेख भएको पाइन्छ । यसअनुसार ने मुनिले नेपालको स्थापना गर्न यिनै देवीको कृपाप्रसाद प्राप्त गरेको आँकलन गर्न सकिन्छ।

तन्त्रशास्त्रमा वज्रयोगिनीको स्वरूप बताइएको छ। देवीको स्वरूप र ध्यान मुद्रा फरक-फरक छ । शरीरमा छिरबिरे रंगको नरम पहिरन भएकी यी देवीको मुख भने पूर्णचन्द्रजस्तो छ । मृगनयनी, रसिला ओठ, सिन्दुर र चन्दन लेपन गरेकी, अति षोडशी रूप भएकी, कल्पवृक्षमुनि बसेकी, रत्न सिँहासनमा विराजमान भएकी, देब्रे हातमा त्रिशूल घुमाइरहेकी, तीन नेत्रले शोभित, गुञ्जाफल लिएकी देवीको स्वरूप विचित्रको देखिन्छ । कैंची र नर मुण्डमालाले शोभित भएकी देवी अग्ली छिन् । घोररूप भएकीले डरलाग्दी देखिन्छिन्। चन्द्रमुखी देवीको मुखमा मासु, रगतसमेत अड्केको प्रतीत हुन्छ । धर्ममुद्रामा रहेकी वज्रयोगिनी देवीले कमल र कलश धारण गरेकी छिन् । साँखुमा बस्नेहरू यी देवीलाई आफ्नो कुलदेवीका रूपमा हेर्छन् र नित्य उपासना पनि गर्छन्। अघि मणिचूड पर्वतबाट यिनको उदय भएको हो भन्छन्। वज्रयोगिनी मन्दिरपरिसरमा प्रत्येक वर्ष चैत्रशुक्ल पूर्णिमाका दिन ठूलो मेला लाग्छ। यो मेला एक हप्तासम्म चल्छ। योगिनीका दुई दिदी-बहिनी छन् । माथिल्लो सत्तलमा रहेकी देवीलाई खटमा राखेर साँखु बजारमा ल्याइन्छ। ७ दिनसम्म साँखु बजारमा चहलपहल बढी हुन्छ । वरिपरिका असंख्य श्रद्धालु भक्तजनहरू यहाँ दर्शन गर्न आउँछन्। विशेष गरी स्थानीय नेवार समुदायमा चाहिँ यो एउटा विशेष पर्व नै हुन्छ । टाढा-टाढा रहेका आफन्तहरू पनि यति बेला यहाँ आएर आफन्तहरूसँग भेटघाट, खानपिन, मनोरञ्जन र देवीको दर्शन गर्ने गर्छन् ।

देवीलाई बजारमा ल्याउँदा सिंहिनी, ब्याघ्रिणी र त्यहाँ रहेको बुद्धस्तूपलाई पनि खटमा राखेर ल्याइन्छ । वज्रयोगिनी मन्दिरसँगै रहेको चैत्य गुँ विहारको चैत्य मानिन्छ । अघि लिच्छविकालमा वज्रयोगिनी रहेको स्थानलाई गुँ विहार भन्ने गरिन्थ्यो । प्राचीन समयदेखि आम नेपाली हिन्दु र बुद्धधर्मलाई आत्मासात् गर्थे भन्ने स्पष्टोक्ति यसबाट मिल्छ । वज्रयोगिनी देवी मन्दिर नजिकै रहेकी सरस्वतीदेवीको पनि पूजा-उपासना गर्ने गरिन्छ । खासगरी वसन्त पञ्चमीमा त्यहाँ केटाकेटीहरू देवीको पूजा गर्न जान्छन् । विद्यालय परिवार पिकनिक, मनोरञ्जन आदि कर्मका लागि पनि त्यहाँ पुगेको देख्न सकिन्छ ।

वज्रयोगिनी मन्दिर परिसरमा पूर्वतर्फ ६४ ज्योतिर्लिंगमध्येको योगेश्वर शिवलिंग छ। भव्य र आकर्षक मन्दिरले शोभा दिएको दुईतले सुनको गजुरसहितको तामाको पाताको छानो भएको पश्चिमपट्टि ढोका भएको सो भव्य मन्दिर परिक्रमा गर्दागर्दै चित्ताकर्षक लप्सेफेदी, पालुबारी डाँडो प्राकृतिकरूपमा देखिन पुग्छ । मन्दिरभित्र रहेको योगेश्वर शिवतीर्थलाई तामाको मुकुटमा बुद्धमार्गी बुट्टाहरूले सिँगारिएको छ । शिवलिंग प्रत्यक्षरूपमा बाहिरबाट देख्न सकिँदैन । योगेश्वर मन्दिर पूर्वपट्टि खुल्ला कैलाशको क्षेत्र, दक्षिणमा पूजापाठ, कीर्तन गर्ने धर्मशाला र पश्चिमपट्टि सिंहवाहिनी देवी वज्रयोगिनीको विशाल मन्दिर रहेको छ । केही माथिपट्टि वायव्य कोणमा विक्रमादित्य राजाका पालामा तेलमा पाक्ने ठूलो खड्कौंलो, नजिकै राजाको शिर र सत्ययुगदेखि निरन्तर रहेको आगोको धुनी छ। अलिक माथि गणेश मन्दिर छ भने उत्तरपट्टि ठूला धर्मशालाहरू छन् । उत्तरपट्टि ज्ञानधारा, अन्य देवदेवीको शिला, मूर्तिहरू पनि रहेका छन् । दुर्गापक्षमा विशेष चहलपहल हुने यस क्षेत्रमा सोह्रश्राद्धको नवमी तिथिमा पनि विशेष पर्वका रूपमा मनाइन्छ । वज्रयोगिनी मन्दिर पूर्वपट्टि एउटा गुफा छ, जसलाई धर्मद्वारका रूपमा चिनिन्छ। यो द्वारबाट मानिसहरू सजिलै छिर्न सक्छन् । हाल यस क्षेत्रनजिकसम्म मोटर पुगेको छ । साँखु बजार देखि उकालो चढेर आनन्द लिनेहरू पनि कम हुँदैनन् । मूल मन्दिरमा जान १११ सिँढी शुरु हुनुअघि गणेश र भैरवको मूर्ति देखिन्छ । नजिकै एउटा धारो पनि छ ।

**चामुण्डादेवी** :

नवाक्षरी मन्त्र बीजमन्त्र हो, सर्वसिद्धि शक्तिमन्त्र हो । सप्तशती चण्डीमा वर्णित देवी चामुण्डा मुण्डमाला लगाएकी डरलाग्दी छिन् । मत्स्यपुराणमा देवी चामुण्डाको स्वरूप लामो जिब्रो, तीन आँखा, ख्याउटे पेट, मासु र रगतले पोतिएको कपडा लगाएकी, दाह्रा निस्केकी, गिद्धमा बसेकी, रातो वर्णकी, सर्पको गहना लगाएकी, प्रेतमा चढेकी, दश हात भएकी, गहिरा आँखा भएकी छिन् भनेर वर्णन गरिएको छ । दायाँ पाँच हातले खड्ग, पाश, धनु, दण्ड, कुठार समातेकी, अरु हातमा डोरी र चक्रसमेत लिएकी भनेर बताइएको छ । असुरहरूको संहार गर्ने, मानवमा ज्ञान र विवेक दिने, आवेश, क्रोध, तनावलाई मुक्त पार्ने देवीका रूपमा चिनिन्छ ।

अग्निपुराणले पनि चामुण्डादेवीको स्वरूप वर्णन गरेको छ । गहिरा आँखा, कंकाल मूर्तिस्वरूपा, ठाडो कपाल, सानो पेट, बाघको छाला लगाउने, हातमा त्रिशूल र कपाल लिएकी, नर मुण्डमाला लगाएकी भनेको छ । चामुण्डादेवीको मन्दिर काठमाडौंको जोरपाटीमा छ । उत्तरपट्टि ढिस्कोमा नेपाली शैलीमा निर्मित चामुण्डादेवीको मन्दिरमा एकमात्र ढोका छ, जुन पूर्व फर्किएको छ । कलात्मक र आकर्षक यो मन्दिर परिसरमा गणेश, शिव आदिका मूर्तिहरू छन् । हिन्दु, बौद्ध दुवैको आस्थाकी केन्द्र रहेकी यी देवीको मन्दिर परिसरमा दर्शनार्थीहरूको सदैव भीड लाग्छ । प्राचीन समयदेखि पूजिँदै आएको चामुण्डाको अर्को मन्दिर काठमाडौं उपत्यकाको ललितपुरमा पनि रहेको छ । संस्कृत वाङ्मयमा धर्तीलाई धरणी भनिने र धर्तीस्वरूप भएकोले देवीको अर्को नाम धरणी पनि हो । अघि पृथ्वीलाई दैत्य शासनबाट मुक्त गराउन श्रीहरिले वराह अवतार लिएर पृथ्वीलाई यथास्थानमा अवतरण गराएको प्रसंग श्रीमद्भागवत, वराहपुराण, अग्निपुराण, मत्स्यपुराण आदिमा चर्चा भएको छ । वराह, वाराहीको पनि नवरात्रिमा उपासना गर्ने हाम्रो चलन रहेको छ । ईश्वरले अवतारी भएर आफ्नो लीला गर्दा परम्बा देवीको सहयोग लिने गरेको चर्चा देवीभागवत आदि शास्त्रमा जताततै पाइन्छ ।

**धुम्वाराही** :

काठमाडौंकै अर्को पीठ हो धुम्वाराही । ठूलो पीपलको वृक्षमा बेरिएर रहेको वाराहीको मूर्ति रहेको धुम्वाराही मन्दिर एकतले सानो रूपमा छ । गजुर नदेखिने सो मन्दिरमा नित्य पूजा हुने गर्छ । दायाँ-बायाँ दुई सिँहका मूर्तिहरू मन्दिरको ढोकाअगाडि रहेका छन् । विभिन्न अवतारमध्ये भगवान्‌को यो अवतार आवेश अवतारमा गणना हुन्छ । प्रस्तुत मूर्तिलाई अर्धपशु र अर्धमानव आकारको एउटा उत्कृष्ट कलाकृति मान्न सकिन्छ । वराहका मूर्तिहरू अन्यत्र स्थानहरूमा पनि पाइन्छन् । तनहुँको प्राचीन छाब्दीवाराही, पशुपतिको मृगस्थलीमा रहेको दुईहाते वराह, बूढानीलकण्ठका उत्तरतर्फ रहेको चारहाते श्वेतवराह आदि । नेपालका अन्यत्र स्थानमा रहेका आदिवराह, कोकावराह पनि मुख्य छन् । हाल हामी श्वेतवराह कल्प भनी संकल्प गर्छौं । बूढानीलकण्ठ परिसरमा रहेका वराह श्वेतवराह हुन् । कुहिनामा पृथ्वी धारण गरेका ती वराहका माथिल्लो देब्रे हातमा शंख छ, तल्लो हातमा गदा छ, दायाँ हातमा पद्म र चक्र रहेको छ । चक्र लिएको हात कम्मर भागमा राखिएको छ ।

धुम्वाराहीको वराह र बूढानीलकण्ठका वराहका विषयमा पुराणहरूले विशेष वर्णन गरेका छन् । समष्टिमा भन्नुपर्दा हाम्रो आदिवासीका कूलदेवता वराह नै हुन् । पूर्वी क्षेत्र श्वेत र कोकावराह क्षेत्रबाट वराहका मूर्तिहरू मानव वसाइँ सराइझैं सारी स्थापित गरिएका हुन सक्ने कुरा संस्कृतिविद्हरू बताउँछन् । जगतको लय र प्रलयमा सर्वेश्वर भगवान्‌ले आफ्ना लीलाहरूबाट धर्तीलाई रक्षा गर्ने क्रममा पृथ्वीको उद्धार गर्ने क्रममा विभिन्न रूप, अवतार लिएर संसारको रक्षा गरेका प्रसंग उपयुक्त चिन्तनहरू मेल खान्छन् । हामी धुम्वाराहीलाई शक्तिपीठका रूपमा लिन्छौं, त्यहाँ दर्शनार्थीहरूको सधैं भीड लागिरहन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

## नागढुंगाको सडक :

# त्रासै त्रासमा दशैं यात्रा



नौबिसे/काठमाडौं बसेर पढिरहेका धनगढीका सुवर्ण खड्कालाई अघिल्ला वर्षहरुमा दशैंमा घर जाने बस चढ्दा मन चङ्गा हुन्थ्यो । तर यसपटक उनलाई दशैंको यात्रा पनि गह्रौं भारी बोकेर गर्नुपरेको यात्रा जस्तो लगिरहेको छ । 'बाटो सम्भिmएर जानै मन छैन, नजाउँ भने वर्षदिनको चाड हो' कलंकीमा रिजर्भ बस कुरिरहेका खड्का भन्छन्, 'प्लेनको टिकट पाइएन । बाटोमा कति दु:ख पाउने हो, थाहा छैन ।'

सुवर्ण जस्तै दशैंका लागि घर जान हिँडेका धेरैमा उत्साह उमंगभन्दा बढी डर र चिन्ता छ । असोज ११ र १२ को भारी वर्षासँगै आएको बाढी र पहिरोले राजमार्गहरुमा ठूलो क्षति भएको छ । बीपी राजमार्ग अझै सञ्चालनमा आउन सकेको छैन । त्यसैले मध्यपहाडी राजमार्गको निर्णय नै भइसकेको छैन । त्यसैले काभ्रे, सिन्धुपाल्चोक, दोलखा लगायतका केही जिल्ला बाहेकका नागरिकलाई नागढुंगा नाकाबाट जानुको विकल्प छैन । विस्तारका क्रममा खाल्डाखुल्डी बनाएर छाडिएका सडक भारी वर्षासँगै खसेको पहिरोले हिँडिनसक्नु छ ।

यात्रामा निस्किएकाहरु केही किलोमिटर दुरी पार गरेर नौबिसे पुग्दै थाकिसकेका भेटिन्छन् । अझ, काठमाडौंको नागढुंगामा नाकाकै झ्याप्लेखोलामा पहिरोमा पुरिएर ३५ जनाले ज्यान गुमाएको घटनाले धेरैलाई भयभीत बनाएको छ । दशैं यात्रा, कतै दशा बन्ने त होइन भन्ने पीरलो छ ।

दशैंका लागि बस चढेर दाङ हिंडेका शैलेस रिजाललाई यस्तो सडकमा हिँड्नु नपरे हुन्थ्यो भन्ने लागेको थियो । दुई दिनअघि मात्र काठमाडौंबाट हिँडेका साथी करिब ४८ घण्टामा बल्ल घोराही झरेको सूचना उनीसँग छ । 'बाटोको हालत देखेर कत्ति पनि जान मन थिएन, दशैंमा एक्लै काठमाडौंमा किन बस्छन् भनेर बाबाहरुले आइजो कि आइजो भन्नुभयो र बस चढेको', उनी भन्छन्, 'झरीमा रुझ्दै अग्रिम टिकट काटेको थिएँ, त्यो टिकट किन खेर फाल्नु भनेर हिँडे ।'

रिजाललाई विस्तारका क्रममा अलपत्र छाडिएको नागढुंगा-मुग्लिन, नारायणगढ-बुटवल सडकखण्ड पार गरेर कसरी दाङसम्म कसरी पुग्ने भन्ने चिन्ता छ । काठमाडौंबाट दशैं मान्न चितवनको नारायणगढ हिंडेकी सबनम पाठक पनि नौबिसे पुग्न नपाउँदै अत्तालिएकी छिन् । सडकको अधिकांश भागमा पहिरो खसेको र सडकमा बाक्लो सवारी भएकाले यात्रा सुरक्षित हुने हो कि हैन भन्ने त्रासमा छिन् । 'डर लागिरहेको छ, भगवानको नाम लिने जाने हो', उनी भन्छिन्, 'दशैंमा घर नगई भएन, बाटो यस्तो खराब छ, ड्राइभरले राम्रोसँग चलाए हुने !'

अहिले करिब ७० भन्दा बढी जिल्लाका यात्रु काठमाडौं आवातजावत गर्ने मूल नाकाको सडक टालटुलका भरमा चलाइँदा अति जीर्ण बन्न पुगेको छ ।'सरकारले केही गर्दैन, यही सडक हेरेर थाहा हुन्छ', लमजुङ बेसीशहरका लागि निस्किएका खोटाङका विष्णु राईले गुनासो पोखे, 'दशैंको बेलामा पनि नबनेको सडक कहिले बन्छ ?'

जामले सताए पनि सुरक्षितसँग गन्तव्यमा पुग्न पाए हुन्थ्यो भन्ने कामना गर्दै यात्रा गर्नुपरेको उनले बताए । संघीय राजधानी काठमाडौंमा खाद्यान्न, फलफूल, तरकारी, इन्धन लगायत दैनिक उपभोग्यदेखि लत्ताकपडा, भाँडाकुँडा, मेसिनरीसहित सबैजसो आयातीत वस्तुहरु आपूर्ति गर्ने मुख्य नाका हो । अरु राजमार्गहरु बाढी र पहिरोको चपेटामा परेपछि यहाँ यात्रुबाहक सवारीहरुको चाप पनि उच्च भएको छ ।

सडक साँघुरो भएको र मोडहरु पनि सानो भएकाले यसै पनि यो खण्डमा सबैजसो गाडीलाई मुश्किल हुन्छ । त्रिशूली र महेश खोलाको तीरैतीरको यो सडक बगर भन्दा खास अलग छैन । काठमाडौंबाट बाराको कोल्हबी जाने बस चढेकी शान्ति दाहाल राजधानी छिर्ने नाकाको सडकको अवस्था देखेर सरकारलाई लाज लाग्नुपर्ने बताउँछिन् । विगतमा दशैंको बेला सडक मर्मत हुने गरेको स्मरण गर्दै उनले यसपटक वर्षाको बहाना देखाएर सबैतिर बाटो भद्रगोल छाडेको देखिएको उनको भनाइ छ ।

'दशैं आउँदैछ, यहाँ गाडीहरु बाक्लो चल्नुपर्छ भन्ने थाहा नहुने कुरा भएन,' उनी भन्छिन्, 'सधैं बाहाना गर्ने सरकारलाई यसपाली त झरीले सजिलो बनाइदियो ।' खाल्डाखुल्डीका कारण नागढुंगा क्षेत्रको सडकमा मालसामान बोकेर आएका सवारी उकालोमा सुस्त गतिमा चल्छन् । कतिपय गाडीबीच सडकमै बिग्रिएर रोकिँदा ट्राफिक जाम हुने समस्या पनि छ । उकालोमा एउटा गाडी बिग्रिएर रोकिनासाथै लामो लाइन लागिहाल्छ । कहिले त सवारी हटाउन घण्टौं समय लाग्छ । नागढुंगाको उकालो सडकमा त अहिले लगातार जसो लामो जाम हुने गरेको छ । जाममा बसमात्रै अड्किरहेका छैनन्, मालबाहक ट्रक र एम्बुलेन्स पनि फसिरहेका भेटिन्छन् । बाढीपहिरोको विपत्तिपछि बिपी राजमार्ग भएर तराइका जिल्ला जाने गरेका साना सवारीहरु पनि नागढुंगा नाका भएरै आउ-जाउ गरिरहेका छन् ।

नारायणगढ हुँदै सुनसरीको इटहरीबाट काठमाडौंसम्म माइक्रोबस चलाइरहेका सुन्दर विष्ट नागढुंगा-मुग्लिन सडकको बेहाल देखेर आजित छन् । 'यहाँ एउटा गाडी बिग्रिंदा घण्टौं जाम लागिरहेको छ, इटहरीबाट मुग्लिन आउन लागेकोभन्दा बढी समय मुग्लिनबाट काठमाडौं आउन लागिरहेको छ', उनी भन्छन्, 'न बाटो गतिलो छ, न बाटोमा ट्राफिक प्रहरीको सक्रियता र व्यवस्थापन ।'

गोरखाको माछाखोला जाने बस चलाइरहेका सानु लामा पनि ठाउँ-ठाउँमा जाम झेल्नु पर्दा यात्रा सकसपूर्ण बनेको बताउँछन् । 'ठाउँ-ठाउँमा ट्रक बिग्रिएर सडक नै छेकेर बसेको छ, ठाउँ-ठाउँमा प्रहरीहरु बसेर जाम हुन नदिन काम गर्नुपर्ने हो', उनी भन्छन्,'एक जना ट्राफिक नै देखिंदैनन् सडकमा ।'

नागढुंगाबाट ओरालो झर्नासाथ अधिकांश पहाड भत्किएका र साना ठूला पहिरा झरेका छन् । पहिरो पन्छाएपनि सडकभरि माटो पोखिएको छ । कतै विस्तारका क्रममा लगाएका टेवा पर्खालमा माटो भरिएको छैन । माटो भरिएका ठाउँबाट सडकसम्म माटो छरिएका बाटोले हिरो र धुलो थपेको छ ।

सडक किनारका ठाउँ-ठाउँमा नाला नै छेकेर माटो थुपारिएको छ । कतै नालाको पानी सडकतिर बगिरहेको छ । यसले यात्रालाई थप जोखिमपूर्ण पनि बनाएको छ । निजी गाडीमा सपरिवार बर्दिवासको यात्रामा नौबिसे पुगेका ज्ञानेन्द्र सिंखडालाई नागढुंगाबाट नारायणगढसम्म पुग्न अरु हैन, पहिरोको भय छ ।

ठाउँ-ठाउँमा सुख्खा पहिरो खसिरहेको सुनेका उनलाई परिवारलाई सुरक्षित रुपमा घर पुऱ्याउने जिम्मेवारी छ । 'झ्याप्ले खोलाको पहिरोबारे सुन्दा राजमार्गका केही भर रहेनछ भन्ने थाहा भयो, ठाउँ-ठाउँमा ठूला पहिरो झरेको रहेछ', सिंखडा भन्छन्, 'आफूले मात्रै सुरक्षित चलाएर नहुने रहेछ, भगवानको कृपा पनि चाहिन्छ ।'

वीरगञ्जकी त्रिवेणी सिंह पनि ३ जना बच्चा लिएर दशैं मान्न घर जाँदैछिन् । तर उनी बसमा आरामसँग बस्न नपाएको गुनासो गर्छिन् । 'ढुक्कले बस्न पाएको छैन । यतै हल्लाएको छ, उतै हल्लाएको छ', उनी भन्छिन्, 'कान्लातिर हेर्दा माथिबाट पहिरो खस्ने, तल हेर्दा तलै जान्छ कि भन्ने डर छ, अब भगवान भरोसा ।'

दशैंका यात्रुहरुलाई तर्साउने पहिरो मात्रै होइन, सडक मार्ग र पुलहरुको दुरवस्था पनि हो । विस्तारका क्रममा रहेको सडकको कालोपत्रे धेरै ठाउँमा उप्किएको छ, खाल्डाहरु बनेका छन् । सडकमा खाल्डा, ढुंगा र ढिस्कोहरु छन् । त्यही सडकमा दशैंमा घर हिँडेका यात्रु बोकेका सवारी साधनहरु सकससँग कुदिरहेका छन् ।

चितवनको कसराको यात्रामा निस्किएका कृष्णप्रसाद पौडेल सडकको अवस्था र लामो जामले गाह्रो बनाएको बताउँछन् । 'एक घण्टा लाग्ने बाटोमा साढे २ घण्टा जाममा फसिसक्यो', उनी भन्छन्, 'बिगारेर छाडिएको राजमार्गमा सरकारको उपस्थिति कमजोर देखियो । यात्रुको सास्ती कसरी कम गर्ने भनेर गम्भीर हुनुपर्‍यो ।'

दशैंमा गाउँघर पुग्न मोटसाइकल र स्कुटर लिएर यात्रा गर्नेहरु ठूला गाडीका चेपमा जोखिमपूर्ण यात्रा गरिरहेका छन् । धुलो र हिलो झेल्दै यात्रा गरेका गाडीसँगै मोटरसाइकलका यात्री धुलाम्य देखिन्छन् । कतिपय ठाउँमा मोटरसाइकल चिप्लिएर दुर्घटना समेत भइरहेका छन् ।

दशैंका बेला दैनिक औसत ३० हजारभन्दा बढी सवारी साधन आवातजावत गर्ने यो खण्ड ट्राफिक चापअनुसारको चुस्त, दुरुस्त र सहज छैन । उबडखाबड सडकमा गाडीहरु घ्याच्च-घ्याच्च गर्दै उकाली-ओराली गरिरहेका छन् ।

काठमाडौंबाट रिजर्भ बसमा गुल्मीको तम्घास जाँदै गरेका सेमन्तक घिमिरे नागढुंगाको जाममा छन् । तर, उनलाई नागढुंगाको भन्दा बढी चिन्ता दाउन्नेको पहिरोको छ । 'दाउन्नेमा सडक भासिएर राजमार्ग पटक-पटक अवरुद्ध भइरहेको छ, त्यो पहिरो काट्न पाए त सुस्त सुस्त भए पनि घर पुगिन्थ्यो', उनी भन्छन्, 'नागढुंगामा ३ घण्टा भन्दा बढी जाममा बस्नु नपर्ला ।'

काँकडभिट्टाबाट काठमाडौं आएकी शर्मिला पोमु पनि काठमाडौं आउँदासम्म धुलेले नै अघाएको टिप्पणी गर्छिन् । 'यति धुलो छ, कतै खुलेर सास फेर्न मुश्किल छ,' उनी भन्छिन्, 'उताबाट त बस खाली खाली आउँदैछ, यताबाट त मान्छे कोचेर हाल्छ, यस्तो बाटोमा बालबच्चा, बिरामी र बुढाबुढी मान्छेले कसरी यात्रा गर्लान् !'

गोरखाको आरुघाट गाउँपालिका सोतीसम्मको यात्रामा निस्किएका दोर्जे गुरुङ यात्रामा निस्किएका यात्रुको दुःख सरकारले नबुझेको बताउँछन् । 'आफ्नो चिन्ता आफैं लिने, आफ्नो सुरक्षा आफैं गर्ने ?' उनी भन्छन्, 'सरकारलाई सम्भिmनु बेकार हो, यो सडक अलिकति मर्मत गरिदिएर यतिविधि सास्ती हुन्थेन ।'

काठमाडौंबाट बस लिएर तनहुँका लागि निस्किएका चालक सफल क्षेत्री जाम भएपछि सडक जस्तो भएपनि सुरक्षितसँग घर पुऱ्याउने दायित्व भुल्न नहुने बताउँछन् । 'बाटोको अवस्था देखेर यात्रुहरु डराउँछन्, जाम परेपछि रिसाउँछन्', उनी भन्छन्, 'बाटो जस्तो भएपनि, सरकारले आफ्नो काम नगरेपनि हामीले सुरक्षितसँग घर पुऱ्याउनुपर्छ भन्ने सोचेरै गाडी चलाउँछौं ।'

तर, सडकमाथिबाट पहिरो कतिबेला खस्ने हो भन्ने चिन्ता भने उनलाई पनि छ । जताततै सडकमा डोजर लगाएर भित्ता कोपर्दै छाड्दा पहिरोको जोखिम बढेको उनको भनाइ छ । 'सबै कुरा हाम्रो हातमा छैन, पहिरोले झ्याप्लेखोलामा गरेको विध्वंश हेर्दा त गाडी नै चलाउन छाडिदिउँ जस्तो लाग्छ' उनी भन्छन्, 'नागढुंगा-मुग्लिन सडकमा ठाउँ-ठाउँमा सुख्खा पहिरो खसेको खस्यै छ, रोक्नलाई सरकारले काम नै गरेन ।'

*(स्रोत: अनलाइनखबर)*

# तुलसी घिमिरेले निर्देशन गर्ने 'पहाड'को गीतमा विपिनको र्‍याप



काठमाडौं/तुलसी घिमिरेले ७ वर्षपछि निर्देशनमा कमब्याक गर्न लागेको फिल्म 'पहाड'को एक गीतमा अभिनेता विपिन कार्कीले आफ्नो स्वर दिएका छन् । आइतबार काठमाडौंको महाराजगञ्जस्थित भेनस रेकर्डिङ स्टुडियोमा उनले र्‍याप गीत गाएका हुन् । उनले यसअघि फिल्म 'छड्के'को 'भुटुटुटु' गीत पनि गाएका थिए । 'पहाड'को गीतमा विपिनलाई भारती घिमिरे (तुलसी घिमिरेकी श्रीमती) लगायतले गायनमा साथ दिएका छन् ।

गीतमा रञ्जीत गजमेरको संगीत तथा निर्देशक घिमिरे स्वयंको शब्द रचना छ । संगीतकार गजमेरले लामो समयपछि नेपाली फिल्मको गीतमा संगीत भरेका हुन् । कुनै बेला उनले संगीत भरेका 'मायाको बारीमा', 'माया के होला', 'इशाराले बोलाउनु पर्दैन', 'सुन् कथा एउटा गीत', 'सुन् भनन्', 'साँची रहुँ जस्तो लाग्छ' जस्ता कयौं गीत चर्चित छन् । उनी निर्देशक घिमिरेका ससुरा हुन् ।

आगामी कात्तिकपछि छायांकनको तयारी गरिएको फिल्ममा विपिन मुख्य भूमिकामा देखिनेछन् भने मदनकृष्ण श्रेष्ठ, सुनील थापा लगायतका कलाकार पनि निश्चित भइसकेका छन् । निर्देशक घिमिरेले फिल्ममा अर्का एक चल्तीका अभिनेता र एक नव-अभिनेत्री पनि रहने जानकारी दिए ।

फिल्मको ५० प्रतिशत नेपालका विभिन्न पहाडी भेगमा र ५० प्रतिशत मुम्बईमा छायांकन हुने जनाइएको छ । प्रि-प्रोडक्सनको अन्तिम चरणमा रहेका फिल्मको प्रोडक्सन डिजाइनरमा निर्देशक घिमिरेकी छोरी भावना छिन् । पछिल्लो समय बढ्दो बसाइँसराइले रित्तिँदै गएको पहाडी भूगोलको कथामा फिल्म बन्न लागेको हो ।

# बलिउडको कप युनिभर्सको फिल्म 'सिंघम अगेन'को ट्रेलर सार्वजनिक



काठमाडौं/रोहित शेट्टी निर्देशित मल्टिस्टारर बलिउड फिल्म 'सिंघम अगेन'को ट्रेलर सार्वजनिक भएको छ । करिब ५ मिनेट लामो यो ट्रेलर हेर्दा फिल्मको कथा 'रामायण'बाट प्रेरित भएको देखिन्छ ।

फिल्ममा अजय देवगण राम, करीना कपूर सीता, टाइगर श्राफ लक्ष्मण, रणवीर सिंह हनुमान, अक्षय कुमार जटायु र अर्जुन कपूरबाट प्रेरित पात्रमा देखिनेछन् । कप युनिभर्स शैलीमा बनाइएको यो फिल्मको ट्रेलरको रनटाइम झण्डै ५ मिनेट छ । भारतीय फिल्मको इतिहासमा यो अहिलेसम्मकै लामो ट्रेलर भएको जनाइएको छ ।

कथा बाजीराव सिंघम (अजय देवगण) बाट सुरु हुन्छ जसको पत्नी अवनी (करीना कपूर) लाई श्रीलंकाको खतरनाक गुण्डा डेंजर लंका (अर्जुन कपूर) ले अपहरण गर्छ । यसपछि आफ्नी श्रीमतीलाई बचाउन निस्कने सिंघमलाई शक्ति शेट्टी (दीपिका पादुकोण), एसीपी सत्य (टाइगर श्राफ), सूर्यवंशी (अक्षय कुमार) र सिम्बा (रणवीर सिंह) ले मद्दत गर्छन् । यी सबैको सहयोगमा सिंघमले छिमेकी मुलुकमा गोप्य कारवाही गर्छ ।

हिन्दी सिनेमाको यो लामो ट्रेलरमा सबै पात्रलाई प्रशस्त ठाउँ दिइएको छ । रामायणका सबै पात्र र उनीहरूको सम्बन्धलाई पनि स्पष्ट रूपमा व्याख्या गरिएको छ ।

फिल्ममा ८ मुख्य पात्र बाहेक श्वेता तिवारी, दयानन्द शेट्टी, रवि किशन र सिद्धार्थ जाधवलाई पनि देखाइएको छ । फिल्ममा सलमान खानको क्यामियोको चर्चा पनि चलिरहेको छ तर ट्रेलरमा भने उनी कतै देखिएनन् । यो फिल्म दीपावलीको अवसरमा नोभेम्बर १ मा हलमा रिलिज हुँदैछ । उक्त मितिमा यसको बक्सअफिस भीडन्त कार्तिक आर्यन स्टारर फिल्म 'भूल भुलैया ३' सँग हुनेछ ।

# 'केटी हराएको सूचना' पोस्टरमा सृष्टिप्रति नाजिरको प्रेमभाव

काठमाडौं/आगामी कात्तिक ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मिसिङ : केटी हराएको सूचना'को पहिलो पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका मुख्य अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठलाई चित्रित गरिएको पोस्टरमा उनीहरु एकअर्काको हात समातेर रेलको लिकमा हिँडिरहेको देखिन्छन् । सृष्टिप्रति नाजिरको प्रेमभाव पोस्टरले दर्शाउँछ । पृष्ठभूमिमा अर्का कलाकार दुरा सञ्जय गुप्ता मोटरसाइकलमा प्रस्तुत छन् । र, उनको पछाडि रेल देखिन्छ ।

दीपेन्द्र गौचनले फिल्मको निर्देशन गरेका हुन् । यसअघि उनले डकु-ड्रामा 'उजेली' निर्देशन गरेका थिए, जुन करिब ३२ वर्षअघि टेलिभिजनमा प्रशारण भएको थियो । त्यसबेलाको यो चर्चित ड्रामा हो । निर्देशक गौचन स्वयंको लेखन रहेको फिल्मको कार्यकारी निर्माता नकिम उद्दिन हुन् । नकिम नेपालको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सका सञ्चालक समेत हुन् ।

ट्राइ सिटी पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्ममा नाजिर, सृष्टि र सञ्जयसहित रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह लगायतको अभिनय छ भने अमितेष शाह विशेष भूमिकामा छन् । फिल्ममा अमर महर्जनको डिओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व निर्देशन तथा दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करण थापाको संगीत छ ।

# विपद्का कारण चाडपर्वको रौनकले छोएन गाउँघरलाई

खोटाङ/खोटाङको हलेसी तुवाचुङ नगरपालिका-१ बाहुनीडाँडास्थित जयरामघाटका दिनेश राईको परिवार एक सातादेखि पहिरोबाट विस्थापित भएको छ । उनको परिवार हाल नजिकैको चर्चमा बसिरहेको छ । यही असोज-१२ गतेको पहिरोले घर बगाएपछि विस्थापित उहाँको परिवारलाई स्थानीय बासिन्दा तथा प्रहरीले उद्धार गरी सुरक्षित स्थानमा सारेको हो ।

अविरल वर्षासँगैको पहिरोबाट विस्थापित उहाँको परिवारलाई तत्काल खाने बस्ने व्यवस्था नगरपालिका र वडा कार्यालयले गरेको छ । घरमाथिबाट खसेको पहिरोले ढुङ्गामाटोको तीन तले घर सँगै घरमा भएका सबै सामग्री बगाएपछि चार छोराछोरीसहित छ जनाको परिवार पूर्णरुपमा विस्थापित भएको हो ।

असोज-१२ गतेको पहिरोले उहाँको जस्तै जिल्लाका विभिन्न स्थानमा बसोबास गर्ने ३३ परिवार घरबारविहीन भएका छन् । बाढीपहिरोबाट विस्थापित उनीहरुलाई सम्बन्धित स्थानीय तहले तत्कालका लागि राहत त उपलब्ध गराएको छ तर सधैं उपलब्ध गराउन सक्ने अवस्था छैन ।

बाढीपहिरो पीडित परिवारका लागि यसवर्षको चाडपर्व खल्लो भएको छ । उनीहरुका लागि सम्बन्धित स्थानीय तहले उपलब्ध गराएको खाद्यान्न तथा बन्दोबस्तीका सामग्री उपभोग गरिसकेपछि के खाने, के लाउने भन्ने टुङ्गो छैन ।

बाढीपहिरोले जिल्लामा ठूलो क्षति पु-याएको जिल्ला विपद् व्यवस्थापन समिति खोटाङका संयोजक एवं प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले बताए । उनले भने, 'चाडपर्व लक्षित गरी अवरुद्ध सडकहरु पुन:सञ्चालनमा ल्याउन पहल गरिरहेका छौं । तर, दसैंअघि सञ्चालनमा आउने सम्भवना कम देखिन्छ । यद्यपि, सम्बन्धित निकायलाई खबरदरी गरिरहेका छौं।'

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका राजकुमार राईका चार छोरा र दुई छोरी छन् । जेठा छोरा गाईघाट, जेठी छोरी धरान तथा माहिला, कान्छा छोरा र कान्छी छोरी काठमाडौं बस्छन् । साहिला वैदेशिक रोजगारीमा छन् । उनीहरुमध्ये कान्छोले मात्रै दशैंमा बुबाआमाको हातबाट टीका थाप्न पाउने भएका छन् । कान्छो छोरो प्रदीप असोज-१२ गते अघि नै घर आएका थिए ।

सडक तथा पुल बगाएपछि छोराछोरीहरु यसवर्ष चाड मान्न घर आउन नपाएको दीपेन्द्रले बताए । बाढीपहिरोबाट जिल्लामा सञ्चालित विकासे योजनाबाहेक मानिसका घरमा भएको क्षति मात्र रु एक करोडभन्दा बढी मूल्य बराबरको भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

चाडको समयमा आएको यो वर्षको बाढीपहिरोले जिल्लामा व्यापार/व्यवसायमा असर परेको उद्योग वाणिज्य सै खोटाङका अध्यक्ष राजनप्रसाद आचार्यले बताए । 'चाडपर्वको अवसरमा करोडौंको व्यापार हुनुपर्ने हो । धेरै मानिस बाटोको कारण आउनै सकेनन् । अधिकांश युवापुस्ता बाहिरी जिल्लामा बसोबास गर्छन् । घरमा बुढापाकामात्र छन्', उनले भने, 'सहर गएका छोराछोरी आउन नपाएपछि बुढापाकामा चाडपर्वको उमङ्ग छैन । छोराछोरी घर आउन नपाएपछि बुढापाकाले केका लागि सामान खरिद गरोस् र हाम्रो व्यापार होस्।'

*(स्रोत: अनलाइनखबर)*

# बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या २४६ पुग्यो

काठमाडौं/असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढी पहिरोमा परेर आजसम्म मृत्यु हुनेको संख्या दुई सय ४६ पुगेका छन् । नेपाल प्रहरीले सोमबार सार्वजनिक गरेको विवरण अनुसार आजसम्म एक सय ७८ घाइते भएका छन् । १८ बेपत्ता रहेको गृहमन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए।

उनका अनुसार कूल १७ हजार एक सय ७४ को उद्धार गरिएको छ । सबैभन्दा ठूलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौं उपत्यकामा धेरै क्षति भएको छ । बागमतीमा मात्रै एक सय ३९को मृत्यु भएको छ । मृतकमध्ये एक सय ७६ आश्रित परिवारलाई 'विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७' बमोजिम राहत रकम उपलब्ध गराइएको छ । प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उनले जानकारी दिए । मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाम घरमा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको आधारमा उपलब्ध गराइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७

# कुलेखानीमै बग्यो सुमनको गुजाराको मेसो

साझाकुरा संवाददाता

हेटौंडा, २१ असोज/ ईन्द्रसरोबर-३ सिस्नेरीका सुमन नगर कोटीलाई चार दसकपछि जीवनले फेरि ठगेको छ । ३९ वर्षअघि आफ्नै पानीघट्टले हात चुँड्दा आशु पुछिदिँदै उनका बाबुआमाले भनेका थिए, 'हामी छौं, चिन्ता नगर, केही हुन्न ।'



अहिले बाढीले सुमनको त्यही घट्ट, सानो छाप्रो घर र कमाइखान बजारमा बनाएको टहरा बगाएको छ । अहिलेको बाढीले उनको शरीरमा चोट नगाएपनि मन भने छिया-छिया बनाएको छ । हात चुडिँदाको भन्दा ठूलो दु:खाइ छ, दुख्यो भनेर सुनाउने मान्छे छैनन्, दु:ख देखाउने ठाउँ उनीसँग छैन । भवितव्यमा अपाङ्ग बनेका सुमनले हुर्किंदै गर्दा आफ्नो हात चुँडाइदिने घट्ट चलाएर बाबुले गुजारा चलाइरहेको बुझे । परिवारलाई भोकै मर्न नदिएको त्यो घट्टसँग उनले कहिल्यै गुनासो गरेनन् । त्यसले हानी गर्दैन भन्ने बुझे र घट्ट उनको जीवनको एक अंगजस्तै बन्यो ।

गरिखान उनले त्यही घट्टलाई नै सहारा बनाए । उनको जीवनचक्र पनि घट्टसँगै घुमिरहेको थियो । घट्टले मकै, गहुँ र कोदो पिसिरह्यो, सुमनको दिनचर्या र गुजाराको माध्यम बनिरह्यो । सिस्नेरीको डोंडारे खोलामा सुमनको पानी घट्टको कुनै अस्तित्व छैन । सँगै राखिएका उनका दाजुको घट्ट पनि कुलेखानीमै बगिसक्यो । १२ असोजको बिहान कुलेखानी जलविद्युत आयोजनाले जलाशयको आकस्मिक ढोका ४ मिटर खोलेपछि कुलेखानी खोला उर्लियो र सुमनको गरिखाने ठाउँ बगर बनाइदियो ।

हुन त ५० वर्षअघि कुलेखानी खोलाका ५० भन्दा बढी परम्परागत पानीघट्ट जलासयका कारण बिस्थापित भएका थिए । त्यतिबेला सरकारले दिएको मुआब्जाको रकम पनि धेरैजनाले काठमाडौंमा गएर रातभरि जुवा खेलेर सिद्याएका थिए । वर्षौंदेखि पानीघट्ट चलाएर गुजारा गर्ने ५० भन्दा बढी घट्टधनीका परिवार पाँच दसक अघि कुलेखानीबाट धपाइएका थिए ।

सुमन र उनको परिवारलाई कुलेखानी र डोंडारेले यस्तो रुप लेला भन्ने अनुमान थिएन । दुई खोलाको दोभानमाथिको उनको घर र घट्ट जोखिममा परेको थाहा पाउँदासम्म त्यहाँबाट भाग्नुबाहेकको विकल्प थिएन । कान्लोमाथि उक्लिएर खोलाले सबै बगाएको हेर्न पनि पहिरोको डर थियो । बाढी घट्दासम्म स्थानीय सिस्नेरी बजार मेटिइसकेको थियो । सुमनको घर र घट्ट भएको ठाउँमा ठूला-ठूला सेता ढुंगाहरु आइसकेका थिए ।

अहिले ती ढुंगा पन्छाएर अब फेरि डोंडारेमा घट्ट हाल्न मिल्छ कि मिल्दैन भन्ने सुमनलाई अड्कल गर्न गाह्रो छ । खोल्सामा सीमित गहिरो खोला पुरिएर अहिले बगरको डंगुर बनेको छ । सिस्नेरी बजारमा भाडामा लगाउन नम्बरी जग्गामै बनाएको टहरा पनि खोलाले बढारेको दृश्यले उनलाई बिथोलिरहन्छ । घट्टमा गीत गाउँदै मकै पिसेको यादले पीर मात्रै थपिदिन्छ ।

घर भएको ठाउँ बगर बनेपछि बस्ने टहरा हाल्ने ठाउँ पनि कहाँ खोज्ने भन्ने सोच्न सकिरहेका छैनन् । 'मेरो त गरिखाने घट्ट, ओत लाग्ने घर, टहराहरु सबै लग्यो', उनी भन्छन्, 'अब म कहाँ गएर के गरेर खाने भन्ने पीर मात्रै लागिरहेको छ ।' उनकी श्रीमतीले सिस्नेरी खोलाछेउमा ब्लक बनाउँथिन् । मकै घानहालेर सुमन पनि काम सघाउन त्यहीं पुग्थे । छोराछोरीलाई राम्रोसँग पढाउने बाहेक ठूला सपना बोकेनन् । परिवार नै सर्वस्व मानेर हात खियाइरहे । सुमनका अनुसार उनको परिवारका सबैजना सिस्नेरीमै केही न केही गरेर बसेका थिए । यो बज्रपातले उनका दुईजना दाइहरु त बिरामी नै परेका छन् । परिवारका सबै छटपटीमै छन् । एकले अर्कालाई सान्त्वना त दिइरहेका छन्, तर, राम्रोसँग निदाउन सकेका छैनन् उनीहरु ।

जिन्दगीमा एकबोरा चामल पनि अरुबाट आशा गर्नुपर्ने बेला आउला भन्ने उनलाई कहिल्यै लागेको थिएन । एउटा हातै नभएपनि पौरखले बाँच्न सकेकोमा गर्व थियो । अहिले अवस्था त्यस्तो छैन । ठूला ढुंगामाथि लगाइएको चुल्होमा भात बसालेपछि खैलाबैला हुन्छ, 'तरकारी के खाने ?' उनीहरु तरकारी समेत गाउँबाट मागेर खानुपर्ने अवस्थामा आइपुगेका छन् ।

यस्तो बेला सरकार र राज्यको उपस्थिति शून्य देखेर उनलाई झन् चित्त दुखेको छ । 'यस्तो पीडामा के छ ? भनेर सोध्न नआएको सरकार कहिले काम आउँछ ?' उनी भन्छन्, 'गुनासो हैन, सरकारसँग हाम्रो चित्त दुखाइ छ ।' उनले रेडियो टिभी र युट्युबमा सरकारका मान्छे र दलका नेताले अपाङ्गता भएकाहरुको अधिकारको बहस र भाषणबाजी गरेको धेरै हेरेका छन् । तर, संकटमा पर्दा पनि विशेष अवस्थामा आफूजस्ता मान्छेमाथि न्याय गर्न नसक्ने तिनीहरुप्रति घृणा लागेको उनको भनाइ छ ।

# 'कुलेखानीको पानी छोडेपछि दुर्घटनाको जिम्मेवारी प्राधिकरणले लिनुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २१ असोज/ नेकपा एमाले संसदीयदलक मुख्यसचेतक महेशकुमार बर्तौलाले गत असोज १२ गते कुलेखानी जलविद्युत आयोजनाको पानी सञ्चय केन्द्रको रुपमा रहेको कुलेखानी ड्यामको दुवै ढोका खोल्दा भएको जनधनको क्षतिको जिम्मेवारी कुलीखानी जलविद्युत आयोजनाले लिनुपर्ने बताएका छन् ।

मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य समेत रहेका बर्तौलाले सोमबार जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्कालाई भेटेर प्राधिकरणले सम्भावित जोखिम र क्षतिको सामान्य ख्याल समेत नराखि कुलेखानी ड्याममा भेल र बाढीका कारण जम्मा भएको पानीलाई एकैपटक ड्यामका दुईवटा ढोका खोली झन्डै ४-४ मिटर पानिको निकासी गर्दा इन्द्रसरोबर गाँउपालिकामा ठुलो जनधनको क्षति भएको जानकारी गराए ।

मन्त्रीसँगको भेटमा बर्तौलाले प्राधिकरणको तर्फबाट भएको गम्भिर कमजोरी र गैर जिम्बेवारीपनले मकवानपुरमा ठूलो जनधनको क्षति भएको बताए । भेटको क्रममा बर्तौलाले घटनाको तत्काल छानबीन तथा जाँचबुझ समिति बनाउन, कमजोरी गर्ने कर्मचारीलाई कारबाही गर्न, भएको क्षति र नोक्सानीप्रति जवाफदेही भइ पीडितलाई आवश्यक क्षतिपूर्ति उपलब्ध गराउन, भत्केका भौतिक संरचना निर्माणमा भूमिका खेल्न, ड्यामको माथिल्लो र तल्लो तटीयक्षेत्रका जनतालाई मुवाब्जा उपलब्ध गराउन सरकारसँग माग गरेका छन् ।

## बकैयाका १८० घर परिवारलाई राहत वितरण

हेटौंडा, २१ असोज/ बकैया गाउँपालिकाको बाढी पहिरोपीडित १ सय ८० घर परिवारलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुर जिल्ला कार्यसमितिले राहत वितरण गरेको छ ।

बकैया-१० को अम्बास, ठिंगनबेसी, धुवाकोट, केराबारी र घैयाटारका बाढीपहिरो प्रभावित १ सय ८० घरपरिवारलाई अत्यावश्यक खाद्यान्न सामग्री प्रदान गरिएको हो । संघीय संसद् पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंह, बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने र बकैया-१० वडाअध्यक्ष कमला वाइबालगायत जनप्रतिनिधिको उपस्थितिमा राहत वितरण गरिएको राप्रपा मकवानपुर क्षेत्र १ (ख)का अध्यक्ष उमेश थापाले जानकारी दिए ।

राहत वितरण गर्दै पूर्वाधार विकास समिति सभापति सिंहले विपत्तिका कारण भएको क्षतिप्रति दु:ख व्यक्त गरेका थिए । गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले बकैयाका धेरै घरपरिवार प्रभावित बनेका छन् । राप्रपा मकवानपुरले शनिबार पनि बकैया-१० मन्थलीका बाढीपहिरो प्रभावित ८० घरपरिवारलाई खाद्यान्न सामग्री वितरण गरेको थियो ।

# पत्रकार गौतमको पुस्तक बेल्जियममा बिमोचन

साझाकुरा संवाददाता

हेटौंडा, २१ असोज/ पत्रकार महासंघ मकवानपुरका अधयक्ष मणिराज गौतमद्वारा लिखित पुस्तक 'प्रवासका फूलहरु' बेल्जियममा सार्वजनिक गरिएको छ । पत्रकार गौतमले लेखेको पुस्तक अन्तर्राष्ट्रिय साहित्य समाज (अनेसास) बेल्जियम च्याप्टरले आयोजना गरेको एक कार्यक्रमबीच सार्वजनिक गरिएको हो ।

कार्यक्रममा बेल्जियमका लागि नेपाली राजदूत गेहेन्द्र राजभण्डारी, एनआरएनए बेल्जियमका अध्यक्ष सीता सापकोटालगायत अतिथिको सहभागितामा बिमोचन गरिएको हो । पुस्तक सार्वजनिक गर्दै राजदूत भण्डारीले नेपाली भाषा कला साहित्य, संस्कृति र नेपाली मौलिक पहिचानलाई लिपिबद्ध गरी पुस्तक लेखेकोमा पत्रकार गौतमलाई धन्यवाद दिए । उनले पुस्तकमार्फत् विदेशमा बस्ने नेपालीलाई सकारात्मक उर्जा मिल्ने विश्वास व्यक्त गरे ।

यस्तै, लेखक गौतमले प्रवासका फूलहरुबारे बोल्दै मुलुकबाहिर रहेका नेपालीको संघर्षका जीवन्तकथा लेखिएको बताए । आफूले करिब डेढ वर्षको अन्तरालमा पुस्तक तयार गरेको बताउँदै पत्रकार गौतमले पुस्तकमा युरोपमा रहेका ३९ जना नेपालीको बाल्यकाल, शैक्षिक अवस्था, राजनीति, परिवारिक अवस्था, विदेशमा गरिएको संघर्षलगायत वास्तविक कथा समेटिएको दाबी गरे ।

कार्यक्रममा एनआरएनए बेल्जियमका अध्यक्ष सापकोटा, नेपाल पत्रकार महासंघ बेल्जियमका अध्यक्ष ओम शर्मा, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय उपाध्यक्ष डिल्ली अंमाई, अनेसास बेल्जियमका महासचिव गोपाल दाहाल, अनेसास बेल्जियम अध्यक्ष सौरभ कार न्जितलगायतले पुस्तकबारे मन्तव्य राखेका थिए । पुस्तकमा लेखक संघ केन्द्रीय सदस्य ह्यग्रीव आचार्यको भाषा सम्पादन, कवि लेखक सम्प्रस पौडेलको कथा सम्पादन, श्रीराम दाहाल र बिना देवकोटाको श्रुति लेखन रहेको छ ।

यस्तै, पुस्तकको प्रकाशन, लेआउट डिजाइन आकृति क्रियसनका राम अविकास र वितरकमा किताब घर हेटौंडाका छवि अनित्यको सहयोग रहेको पत्रकार गौतमले बताएका छन् । प्रवासी नेपालीका संघर्ष जति लेख्दा पनि नसकिने अवस्था रहेको गौतमले बताए ।

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रामसागर गुरागाईं (प्रधानाध्यापक)
एवम्
आधुनिक राष्ट्रिय मा.वि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
उत्तम शर्मा ढकाल (अध्यक्ष) एवम्
यूरेश बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नमुना बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
फूलमान श्रेष्ठ (अध्यक्ष) एवम्
नवयुवा बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा-११, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
साइराम बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सार्वजनिक मकवानपुर यातायात प्रा.लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नारायण प्रसाद देवकोटा(अध्यक्ष) एवम्
जिल्ला सहकारी संघ लि., परिवार
हेटौंडा-१, चौकीटोल

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रघुनाथ खराल (प्रिन्सिपल)
एवम्
नारायणी कलेज/तुलसीमेहर मेमोरियल स्कूल, परिवार

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विनोद सुवेदी (प्रिन्सिपल)
एवम्
बाल जागृति ई. बोर्डिङ्गस्कूल, परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बालगोपाल कँडेल (अध्यक्ष)
एवम्
निर्माण व्यवसायी संघ मकवानपुर, परिवार

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना